# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## सुनवल, नवलपरासी (ब.सु. पश्चिम)



# आ.ब. २०८३।८४ को बजेट बक्तव्य

मिति २०८३।०२।०४ गते, बुधबार

## सुनवल नगरपालिकाको १९ औ नगरसभाको बैठकमा नगर उप्रमुखबाट प्रस्तुत आ.ब. २०८३।८४ को बजेट

**सुनवल नगरपालिकाको १९ औ नगरसभाका सभाध्यक्ष ज्यू, नगरसभाका सम्पूर्ण सदस्यहरू, सभाका सचिव ज्यू, संचारकर्मी, कर्मचारी महानुभाव तथा सम्पूर्ण नगरवासी आमा बुवा दाजु भाई तथा दिदि वहिनि महानुभावहरु!**

१. सुनवल नगरपालिकाको नगर उप–प्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८३।८४ वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस अवसरमा म सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सबै प्रकारका आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै घाइते, बेपत्ता एवम् पीडित परिवारहरूलाई स्मरण तथा सम्मान व्यक्त गर्न चाहन्छु।

३. नेपालको वर्तमान संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू सङ्घ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालू आवधिक योजना, दिगो विकासका लक्ष्य, सङ्घीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरूबाट निर्देशित हुँदै यसै सम्मानित नगरसभाबाट स्वीकृत नगर सरकारको आ.व. २०८३।८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

४. यसै गरी राजनीतिक दलका स्थानीय नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, टोल विकास संस्था, स्थानीय सामुदायिक सङ्घ संस्था, बुद्धिजीवी, सरोकारवाला निकाय, सञ्चारकर्मी लगायतका क्षेत्रहरूबाट विभिन्न माध्यमबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरूलाई समेत समेट्दै आगामी आ.व. २०८३।८४ को अनुमानित बजेट प्रस्ताव गरेको छु।

५. "समृद्ध सुनवल, हाम्रो अभियान", "सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानता: समृद नगर, खुसी नगरवासी हाम्रो प्रतिवद्धता" भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दिगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी नगरवासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्‍याउन हामी प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु।

६. यो बजेट सुनवलवासीको तीव्र विकासको उत्कट चाहनालाई आत्मसाथ गरी सबै क्षेत्रको समतामूलक विकासलाई दृष्टिगत गर्दै तयार पारिएको छ। सुनवल नगरले स्थापित गरेको गरिमालाई थप उचाइमा पुर्‍याउने गरी ल्याइएको यस बजेटले सुनवल नगरपालिका भित्रका बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ।

७. वित्तीय सङ्घीयता अनुरूप विभिन्न तह र निकायहरूबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने कार्यक्रमहरूमा लगानी केन्द्रित गरेको छ । यो लगानीबाट, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिबी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र नगरको विकास हासिल हुने अपेक्षा गरेको छु।

८. यस बजेटमा नगर सरकारको क्षेत्राधिकार भित्रका कर तथा गैरकर, राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ । निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्नको लागि सञ्चालित महत्त्वपूर्ण योजनाहरूलाई आगामी आ.व.मा सम्पन्न गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था गरेको छु।

९. बजेट मार्फत रोजगारी सिर्जना गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, चालू खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु ।

१०. विगतका अनुभव, गत बर्षको महत्वकांक्षी अनुमान, स्रोत उल्लेख भएता पनि प्राप्ति सुनिश्चित नभएका कारण कतिपय योजनाहरु कार्यान्वयन हुन नसकेकाले आगामी आ.ब. मा यथार्थ परक स्रोतको सुनिश्चितता गरी बजेटलाई बढी वस्तुपरक र कार्यान्वयनयोग्य बनाएको छु ।

११. चालु आ.ब. मा बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका स्थानीय राजश्व बाँडफाँड तर्फका योजनाहरुलाई क्रमागत योजनाका रुपमा आगामी आ.ब. मा कार्यान्यिवन हुने गरी प्रस्ताव गरेको छु ।

१२. यस बजेटको सबल कार्यान्वयनले नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद् व्यवस्थापन, सेवा प्रवाह, स्थानीय न्याय निरूपण र सांस्कृतिक तथा मानव विकासमा थप टेवा पुग्ने अपेक्षा लिएको छु।

**अब म सुनवल नगरपालिकाको चालु आ.ब. २०८२।८३ को वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१३. चालु आ.व. २०८२।८३ को लागि कुल बजेट रु ९९ करोड ६३ लाख ६३ हजार ९८२ प्रस्ताव गरिएको छ । जसमध्ये चालू शीर्षकमा रु ५८ करोड ६१ लाख २२ हजार २१५ विनियोजन भएकोमा मिति २०८३ जेठ मसान्तसम्म रु ४१ करोड २१ लाख ८३ हजार ३१४ अर्थात् ७०.३ प्रतिशत र पूँजीगततर्फ रु ४१ करोड ०१ लाख ७५ हजार ७६६ विनियोजन भएकोमा जेठ मसान्त सम्म रु १३ करोड ०१ लाख ६७ हजार २१५ अर्थात् ३४.१७ प्रतिशत गरी कुल खर्च जम्मा रु ५५ करोड २३ लाख ५० हजार ५२९ अर्थात् ५५.४३ प्रतिशत रहेको अवस्था छ ।

१४. आन्तरिक आम्दानी तर्फ रु १४ करोड लक्ष्य रहेकोमा २०८३ जेठ मसान्त सम्म रु ९ करोड ७१ लाख २१ हजार ७२५ अर्थात ६९.३७ प्रतिशत आम्दानी भएको छ। साथै सङ्घीय तथा प्रदेशबाट प्रक्षेपित समानिकरण अनुदान रु १७

करोड ४० लाख मध्ये जेठ मसान्त सम्म रु १६ करोड २९ हजार १५० आम्दानी प्राप्त भएको जानकारी गराउदै ९१.९७ प्रतिशत प्राप्त भएको अवस्था छ ।

**१५.** त्यस्तै सङ्घीय सरकारबाट राजस्व बाँडफाँड शीर्षकमा प्रक्षेपित रु. १३ करोड ९४ लाख रहेकोमा जेठ मसान्तसम्म रु ११ करोड ९५ लाख तथा प्रदेशबाट प्रक्षेपित रु १ करोड ७६ लाख ३० हजार मध्ये जेठ मसान्तसम्म १ करोड ७२ लाख २५ हजार अर्थात् क्रमशः ८६ र ९७ प्रतिशत प्रगति भएको अवस्था छ भने स्थानीय राजश्व बाँडफाँड तर्फ रु. १५ करोड ९६ लाख ३३ हजार ४४५ अनुमान गरिएकोमा हाल सङ्गमा २ करोड ४७ लाख ५ हजार ८१८ गरी १५.४८ प्रगति भएको छ । समग्रमा चालु आ.ब. २०८२।८३ को जेष्ठ मसान्त सम्म ६९.५३ प्रतिशत प्रगति हासिल भएको छ ।

**अध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक वर्षको मुख्य मुख्य कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१६. गत आ.ब.का अधुरा योजना, स्रोत सुनिश्चिन नभई कार्यान्वन हुन नसकेका स्थानीय राजश्व बाँडफाँड तर्फका योजनाहरुको निरन्तरताका साथै विगतका बहुवर्षीय योजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१७. धार्मिक तथा पर्यटकिय स्थलहरुको विकास विस्तार, शिक्षाको पूर्वाधार र गुणस्तर सुधार, स्वास्थ्य सेवा विस्तार, नगरअस्पताल संचालन, वडा न. ८ मा ५ शैयाको अस्पताल निर्माण तथा सचालन, महिला मैत्री नगरपालिका नगर निर्माण, पोषणमैत्री नगरपालिका घोषणा अभियान, नमुना बस्ती विकास कार्यक्रम, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन, औपचारिक शिक्षाबाट वञ्चित महिलाहरुका लागि महिला समता विद्यालय, गुरुकुल र मदरसा लगायतका दीर्घकालीन महत्त्व राख्ने नगर गौरवका योजनाहरुलाई निरन्तरता दिइएको छ ।

१८. प्रदेश तथा सङ्घीय सरकारका साथै अन्य विकास साझेदारहरु सँगको सहकार्यमा कार्यक्रम सञ्चालन हुने सङ्घीय समपुरक अनुदान, प्रदेश समपुरक अनुदान, तराई मधेस समृद्धि कार्यक्रम, महिलामैत्री नगरपालिका, खेलकुद पूर्वाधार विकास, युवामैत्री नगरपालिका, रोजगार सेवा केन्द्र, सडक बोर्ड, बहुक्षेत्रीय पोषण कार्यक्रम, वैकल्पिक उर्जा लगायतका कार्यक्रम सञ्चालनका लागि लागत साझेदारी रकमको व्यवस्था गरिएको छ ।

**सभाका अध्यक्ष एवम् नगर सभाका सदस्यज्यूहरू,**

अब म नगरको आ.व. २०८३।८४ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९. सुनवल नगरपालिकाको आ.व. २०८३।८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल व्यय रू. १ अर्ब २३ लाख ५० हजार रहेको छ । यसको लागि आय तर्फ आन्तरिक आय तर्फ २४ करोड ९३ लाख ५३ हजार (घरजग्गा रजिष्ट्रेशन दस्तुर समेत), अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु ५० करोड ९० लाख ४२ हजार, सङ्घ र प्रदेशको राजस्व बाँडफाँडबाट रु १६ करोड ३९ लाख ५५ हजार अ.ल्या. मौज्दात रु ८ करोड रहने प्रक्षेपण गरिएको छ।

**उपस्थित महानुभावहरु,**

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु

**अधुरा तथा क्रमागत र बहुवर्षीय आयोजनाहरूतर्फ**

२०. चालू आ.व. मा निर्माण सम्पन्न हुन नसकेका, स्रोत सुनिश्चित नभएका, श्रृजित दायित्व वोकेका योजनाहरु तथा भुक्तानी बाँकी रहेका योजनाहरू समयमै सम्पन्न गर्नको लागि रु २२ करोड ४८ लाख विनियोजन गरेको छु ।

**वडास्तरबाटै सम्पन्न हुने आयोजनाहरूतर्फ**

२१. गत बर्षका अधुरा योजना सम्वोधन सहित, हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरबाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइने छ। यसरी कार्यान्वयन हुने आयोजनाहरूको लागि प्रत्येक वडामा न्यूनतम सिलिङ निर्धारण गरिएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउँदै यसले वडागत तथा समग्र नगरको विकासमा प्रतिस्पर्धा कायम हुने अपेक्षा राखिएको छ। वडामा न्यूनतम बजेट सिलिङ रु ४ करोड ५५ लाख प्रस्ताव गरेको छु । यसबाट वडागत तथा विषयगत विकासमा थप प्रतिस्पर्धा हुने अपेक्षा राखिएको छ।

अब म आगामी आ.ब. २०८३।८४ को विषयगत समिति तथा क्षेत्रगत बजेट विनियोजन विवरण यस सम्मानीत सभामा जानकारी गराउने अनुमति चाहन्छु ।

**सामाजिक विकासः**

- ✓ नगरक्षेत्रका ५००० लीटरसम्म खानेपानी उपभोग गर्ने घरपरिवारका लागि निःशुल्क खानेपानी सुविधा उपलव्ध गराउन खानेपानी महशुल छुट अनुदान कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- ✓ नगरपालिका भित्रका मृगौलाको डाइलाइसिस गराउनु पर्ने विरामीहरुका लागि नगरक्षेत्रमा नै उक्त सेवा उपलव्ध गराउन र घुम्ति भिडियो एक्सरे सहितको ल्याब सेवा संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- ✓ नगरपालिकामा स्थापित आयुर्वेद सेवा केन्द्रको निरन्तरता, फिजियोथेरापी सेवा, ल्याब सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- ✓ मोतियाविन्दुको निःशुल्क अपरेशन र आँखा उपचार केन्द्र संचालनका लागि बजेट व्यवस्था गरेको छु ।

- ✓ सुनवल स्वास्थ्य चौकी स्तरोन्नती गरी डाक्टर सेवा सहितको ५ शैयाको अस्पताल संचालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- ✓ बालमैत्री स्थानीय शासन कार्यक्रमको दीगोपना, अपाङ्गमैत्री कार्यक्रम, महिला मैत्री कार्यक्रम, युवामैत्री कार्यक्रम, महिला उद्यम केन्द्र संचालन, ज्येष्ठ नागरिक दिवासेवा कार्यक्रम संचालन, सबै लक्षितवर्ग, आयआर्जन तथा आत्मनिर्भरताका लागि सीप विकास तालिम, लैङ्गिक अल्पसंख्यकहरुको क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- ✓ मृत्यु संस्कार खर्च र सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सुत्केरी महिलाहरुलाई सुत्केरी पोषण खर्च उपलव्ध गराउन दुबै कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- ✓ बर्थिङ सेन्टर संचालन, सबै वडामा स्वास्थ्य सेवा संचालन, शहरी स्वास्थ्य क्लिनिक, लामो समयसम्म कार्यरत सेवाबाट अवकास लिन चाहने महिला स्वयंसेविकाहरुको लागि सम्मान स्वरुप अवकास कोषको व्यवस्था गरिएको छ ।
- ✓ खानेपानी तथा सरसफाई तर्फ आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- ✓ शिक्षा क्षेत्रमा आवश्यक पूर्वाधार विकास एवं लगानी गर्ने नीतिगत व्यवस्था अनुरुप शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिएको छ ।
- ✓ विद्यालय भवन लगायत पूर्वाधार विकास, यातायातको व्यवस्था, शैक्षिक गुणस्तर सुधार लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ नगर भित्र रहेका सामुदायिक क्याम्पसहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ✓ युवा तथा खेलकुद विकासका लागि मेयरकप फुटवल, उपमेयरकप भलिवल, ब्याडमिन्टन, क्रिकेट लगायतका खेल संचालन गरिनेछ । नगरक्षेत्रमा सुविधा सम्पन्न कवर्डहल निर्माण तथा स्पोर्ट्स एकेडेमी संचालनका लागि वजेट व्यवस्था गरिएको छ । सबै वडामा खेलपूर्वाधारको विकास गरिनेछ ।
- ✓ नगर भित्र संस्कृति प्रवर्धन तर्फ प्रगति हासिल गर्ने नगरका सबै जातजातिहरुको चाडपर्व, धर्म, कला, साहित्य, कला संरक्षणलाई जोड दिँदै बजेटको व्यवस्था गरिएको छ ।
- ✓ सामाजिक विकास अन्तर्गत शिक्षा तर्फ रु. २९ करोड ६३ लाख ६५ हजार, स्वास्थ्य तर्फ रु .४ करोड २५ लाख, खानेपानी तथा सरसफाई तर्फ रु २ करोड ४१ लाख ४५ हजार, मेला महोत्सव तर्फ ५ लाख, संस्कृति प्रवर्द्धन तर्फ रु .३ लाख, युवा खेलकुद तथा मनोरञ्जन तर्फ रु .२८ लाख ६५ हजार, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण तर्फ रु .१ करोड ४५ लाख ५ हजार, बहुक्षेत्रिय पोषण तर्फ २० लाख, मृत्युसंस्कार तर्फ रु. २५ लाख, सुत्केरी पोषण तर्फ रु. २५ र सबै लक्षित वर्ग, दलित, आदिवासी जनजाति

र अपाङ्ग तर्फ रु. ११ लाख सहित सामाजिक विकास तर्फ कुल ३९ करोड ६४ लाख ४५ हजार बजेट विनियोजन गरिएको ।

**आर्थिक विकासः**

२२. मकै तथा आलु पकेट विकास कार्यक्रम, कृषि प्रसार, मागमा आधारित कृषि कार्यक्रम, च्याउ प्रवर्धन, मौरी विकास कार्यक्रम, बाली उपचार शिविर लगायतका कार्यक्रमहरु संचालन गरिने छ ।

२३. पशुसेवा अन्तर्गत पशु उपचार तथा खोप कार्यक्रम, नश्ल सुधार कार्यक्रम, पशुसेवाका कार्यक्रमहरु, पशु सेवा केन्द्र संचालन, छाडा चौपाया व्यवस्थापन, नगर स्तरिय दुग्ध चिस्यान केन्द्र स्थापना, पशु विमा कार्यक्रम लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२४. धार्मिक तथा पर्यापर्यटन प्रवर्द्धन अन्तर्गत वावा वर्दगोरिया, महलपोखरी, ऐतिहासिक देवदह ताल, मामि सतिसावरिया, हिलपार्क, उत्तरायण, बैरागनाथ, लगायत सवै वडामा रहेका पर्यटकीय स्थल पहिचान तथा प्रवर्द्धनका लागि विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गरिनेछ ।

२५. सहकारी नियमन तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन, व्यवसाय दर्ता अभियान लगायत आर्थिक विकासका कार्यक्रमहरुका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२६. आगामी आर्थिक बर्षका लागि आर्थिक विकास अन्तर्गत कृषि तर्फ रु .१ करोड ३७ लाख १३ हजार ५ सय, पशुपन्छी विकास तर्फ ९२ लाख १२ हजार ५ सय, पर्यटन तर्फ ३० लाख, सहकारी तर्फ रु .५ लाख, उद्योग तर्फ रु .५ लाख, लघु उद्यम विकास कार्यक्रम तर्फ रु. ८ लाख र रोजगार प्रवर्द्धन कार्यक्रम तर्फ रु. २१ लाख गरी कुल रकम रु. २ करोड ९८ लाख २५ हजार विनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन :**

- ✓ वन, जैविक विविधता संरक्षण तथा विकासका लागि वनसँग सम्बन्धित सबै सरोकारवालाहरूको सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ नगरको फोहोरलाई वर्गीकरण गरी गल्ने, कुहिने र सड्ने फोहोरलाई मलमा रूपान्तरण गरी घर बगैँचा, कौसी तथा करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
- ✓ फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गरी प्रविधि सम्पन्न फोहोरमैला व्यवस्थापन केन्द्रको स्थापनामा पहल गरिनेछ।
- ✓ महामारी, विपद् नियन्त्रण र अन्य स्वास्थ्य जोखिम व्यवस्थापनका लागि उचित प्रबन्ध मिलाउनका आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ विपद्जन्य पूर्व तयारी, उद्धार, राहत, पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गरिनेछ।

- ✓ नगरको फोहोर मैला व्यवस्थापनका लागि निजी क्षेत्रसँगको सहकार्यलाई जोड दिइने छ।
- ✓ नदी नियन्त्रण र तारजालिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- ✓ आगामी आर्थिक बर्षका लागि वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ वन तथा भूसरक्षण तर्फ रु. २९ लाख १० हजार, फोहोरमैला व्यवस्थापन तर्फ रु. ३० लाख, जलउत्पन्न प्रकोप नियन्त्रण तर्फ रु. १८ लाख ६५ हजार, विपत् व्यवस्थापन कोष तर्फ रु. १ करोड, सार्वजनिक जग्गा सरक्षण तर्फ ९ लाख १० हजार, नदी नियन्त्रण र तारजाली तर्फ रु. २३ लाख ६५ हजार र जलवायू अनुकुलन कार्यक्रम तर्फ रु. ५ लाख गरी गरी कुल २ करोड १५ लाख ५० हजार विनियोजन गरेको छु ।

**पूर्वाधार विकास तर्फः**

- ✓ सहरी पूर्वाधार निर्माणका लागि नाली सहितको सडक निर्माण, पुराना सडक मर्मतका लागि मर्मत संभार कोषको व्यवस्था, तिलकाना नमुना वस्ति विकास कार्यक्रम, विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाका लागि आवासिय विद्यालय संचालन, औपचारिक शिक्षावाट वन्चित महिलाहरुका लागि महिला समता विद्यालय संचालन, विभिन्न योजनाहरुको संभाव्यता अध्ययन लगायतका दिर्घकालिन महत्व राख्ने नगर गौरवका योजनाहरु साथै गत विगतका अधुरा योजनाहरु, नगरपालिका प्रशासकीय भवन परिसर सौन्दर्यकण, सुनवल रिङ्गरोड लगायत सहरी पूर्वाधारका विभिन्न आयोजनाहरु कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।
- ✓ विभिन्न मठ मन्दिर, गुम्बा, चर्च, मदरसा, घाट व्यवस्थापनका क्षेत्रमा समेत बजेट व्यवस्था गरेको छु ।
- ✓ चालु आर्थिक बर्षको दायित्व समेत वाँकी रहने देखिएका आयोजनाहरुको निरन्तरताका लागि आवश्यक बजेट व्यवस्थापन हुँदा वडास्तरबाट पूर्वाधार विकास तर्फ अत्यधिक रकम माग भएता पनी नगरको बजेटले सम्भव भएसम्म सबैक्षेत्रलाई प्राथमिकताका आधारमा सामानुपातिक तवरले सम्बोधन गर्ने प्रयास गरिएको छ ।
- ✓ पूर्वाधार विकास अन्तरगत स्थानीय सडक पुल तर्फ २४ करोड ३० लाख १० हजार, पक्कि नाला, पुल, कल्भर्ट र ह्युम पाइप तर्फ ७४ लाख ६० हजार, सडक मर्मत तर्फ रु. २० लाख, सिचाई तर्फ रु. १ करोड २२ लाख ४० हजार, भवन तथा सहरी विकास तर्फ रु. २ करोड ८९ लाख, ४० हजार, उर्जा तथा विद्युतिकरण तर्फ रु. ३७ लाख ३० हजार र कार्यपालिका पूर्वाधार विकास कार्यक्रम तर्फ रु. ८० लाख गरी कुल रकम रु. ३० करोड ५३ लाख ८० हजार विनियोजन गरिएको छ ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः**

- ✓ कर्मचारी, पदाधिकारी ,मेलमिलापकर्ताको दुर्घटना बीमालाई निरन्तरता, जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकताका आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम सञ्चालन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण तथा सेवाग्राहीको सन्तुष्टि मापन कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ ।
- ✓ नगरपालिकाको प्रशासकीय भवन व्यवस्थापन, परिसर सौन्दर्यकरण, सभाहल व्यवस्थापन, वडा कार्यालय व्यवस्थापन, निर्माणधिन वडा कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गर्नुका साथै भवन निर्माण हुन बाँकी वडाहरुको कार्यायलय भवन निर्माण गरिनेछ ।
- ✓ सङ्घीय तथा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सडक बोर्ड नेपाल लगायत अन्य कार्यक्रमहरुका लागि समपुरक कोषमा आवश्यक बजेट व्यवस्थापन गरेको छ ।
- ✓ न्यायीक समिति, आवधिक विकास योजना, लोकसेवा तयारी कक्षा, नगरको पूर्व पश्चिम सिमानामा स्वागत बोर्ड स्थापना, श्रमिकहरुको विमा, नगरका महत्वपूर्ण स्थानहरुमा फ्रि वाईफाई जोन लगायतका कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- ✓ राजश्व सुधार, करदाता शिक्षा तथा राजश्व संकलन अभियान, अव्यवस्थित जग्गा व्यवस्थापन र पुन:नापी लगायतका कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।
- ✓ शुसासन, पारदर्शिता र अनियमिता विरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गर्दै सेवा प्रवाहलाई सेवाग्राहीमैत्री र पारदर्शी बनाइने छ। सार्वजनिक रूपमा आवधिक समीक्षा, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छ।
- ✓ सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन कार्यलाई प्रविधिमैत्री र पारदर्शी बनाउनको लागि साझेदारीमा कार्यक्रम संचालन तथा विद्युतीय प्रणालीको विकास गर्न आवश्यक बजेटको प्रस्ताव गरेको छ।
- ✓ स्थानीय सञ्चार क्षेत्रको विकास र सो क्षेत्रमा क्रियाशील सञ्चारकर्मीहरूको क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

२७.सुशासन, संस्थागत विकास, कार्यालय संचालन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत सुशासन तथा संस्थागत विकास तर्फ रु .२४ करोड .९१, लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय एवं सदस्यज्यूहरू,**

२८. आगामी आ.व. २०८३।८४ का लागि आम्दानी तर्फ सङ्घीय सरकार वित्तीय हस्तान्तरणतर्फ रु. ४७ करोड १७ लाख, प्रदेश सरकार वित्तीय हस्तान्तरणतर्फ रु. ३ करोड ७३ लाख ४२ हजार, राजस्व बाँडफाँडतर्फ रु. २५ करोड ३९ लाख ५५ हजार र आन्तरिक स्रोततर्फ रु. १५ करोड ९३ लाख ५३ हजार र गत अल्या तर्फ रु. ८ करोड गरी आम्दानी तर्फ कुल जम्मा रु. १ अरब २३ लाख ५० हजार रहेको छ। आगामी आ.ब.को बजेट विनियोजन चालु आ.ब.को तुलनामा १.०१ प्रतिशतले बृद्धि भएको यस सम्मानित सभामा जानकारी गराउद छु ।

२९. उक्त आम्दानी रकमलाई प्राथमिकताका आधारमा बजेट विनियोजन गर्दा आगामी आर्थिक वर्ष २०८३।८४ को कुल खर्च चालु तर्फ रु. ५१ करोड २९ लाख ५० हजार र पूँजीगत तर्फ रु. ४८ करोड ९४ लाख गरी जम्मा बजेट रु. १ अरब २३ लाख ५० हजार विनियोजन गरिएको छ, जुन अङ्क चालु खर्चतर्फ ५१.१७ प्रतिशत र पूँजीगततर्फ ४८.८३ प्रतिशत रहेको छ।

३०. आन्तरिक स्रोत तर्फको आय अनुमान गर्दा नगरस्तरीय राजस्व परामर्श समितिको सिफारिस बमोजिमका परिवर्तित करका दरहरूलाई आधार मानिएको छ। यस बजेटको तयारी गर्दा करका दरलाई सामान्य हेरफेर गरी दायरा बढाउनेतर्फ ध्यान केन्द्रित गरिएको छ ।

३१. सीमित स्रोत साधनका आधारमा तयार पारिएको यस बजेटको सफल कार्यान्वयनबाट नगरवासीहरूको समृद्धिको चाहना पूरा गर्न सहयोग पुग्ने र यस नगरका विगतका नगर सभाले निर्णय गरी कार्यान्वयन गरिएका महत्त्वपूर्ण कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षको लागि निरन्तरता दिँदै सफल कार्यक्रम र नीतिहरूलाई आत्मसात् गर्ने उद्देश्यलाई निरन्तरता दिई नगरवासीहरूलाई आ–आफ्नो क्षेत्रबाट नगरका पहलकदमीहरूलाई सहयोग गर्न प्रेरित गराउने प्रयास गरिएको छ। समावेशी एवं सहभागितामूलक विकास पद्धतिमा टेवा पुग्ने, दिगो आर्थिक वृद्धि र विकासद्वारा आर्थिक आत्मनिर्भरता वृद्धि हुने, राजस्व अभिवृद्धिमा उच्चतम लक्ष्य लिइएको तथा विकास क्रियाकलापको सञ्चालनको माध्यमबाट रोजगारी सिर्जना भई गरिबी न्यूनीकरणमा सघाउ पुग्ने र समग्रमा "समृद्ध सुनवल" बनाउने अभियानलाई विगतमा झैँ यस आर्थिक वर्षमा समेत टेवा पुग्दै जाने अपेक्षा सम्बोधन गर्न यस बजेटले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेमा विश्वस्त रहेको छु।"

**अन्तमा,**

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिक दलका प्रतिनिधि एवम् राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवम् विकास सहयात्री लगायत सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनी तथा अहोरात्र खटिने नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन

गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँदछु ।

**धन्यवाद।**

**मिति: २०८३।०३।०४**

**सूर्य प्रसाद दुवे**
**उपप्रमुख**